प्रदेशगतरूपमा विश्लेषण गर्दा सबैभन्दा बढी मधेस प्रदेश क्षेत्रका उजुरी रहेको छ । मधेश प्रदेश क्षेत्रका २४.२५ प्रतिशत उजुरी परेको छ । त्यसपछि बागमती प्रदेशका २४.१३ प्रतिशत उजुरी रहेको आयोगले जनाएको छ । गण्डकी प्रदेशको ७.६२, लुम्बिनी प्रदेशको १४.०१, कर्णाली प्रदेशको ८.१८ र सुदूरपश्चिम प्रदेशको १०.२० प्रतिशत उजुरी रहेको छ ।

यो तथ्यले मुलुकमा भ्रष्टाचारको अवस्था, भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको चित्र प्रस्ट देखिन्छ । अब पनि भ्रष्टाचार नियन्त्रणमा चासो नदिने हो देश भित्रभित्रै खुकुलो हुँदै जाने प्रष्ट छ । भ्रष्टाचार निवारण गर्ने दायित्व सरकार वा राज्यको मात्र होइन, तपाईं–हामी नागरिकको पनि हो । जबसम्म हामी घुस, रिसवत दिन तयार हुन्छौं तबसम्म भ्रष्टाचार भइरहनेछ । तसर्थ, भ्रष्टाचारलाई नाइँ भनौं, शून्य सहनशीलतालाई व्यवहारमा उतारौं । राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।

# प्रकृतिको अनुपम उपहार 'खप्तड'

भूमिराज पिठातोली

सुदूरपश्चिमको प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र खप्तड हरेक मौसममा अवलोकन गर्न सकिने प्राकृतिले सुशोभित क्षेत्र हो । भू-स्वर्गको उपमा पाएको खप्तडलाई स्वदेशी एवं विदेशी पर्यटकले प्रकृतिको अनुपम उपहारका रूपमा चित्रण गर्छन् । यहाँको विशाल फाँट हिउँदमा सेताम्मे तथा वसन्त, शरद र ग्रीष्म ऋतुमा रंगीविरंगी फूलले छोपेको हुन्छ ।

वर्षायाममा हरियाली फाँट र हिउँदमा सेताम्य बाक्लो हिउँको अनुभूति गर्नेहरूको नजरमा खप्तड शास्त्रमा वर्णित अमरावतीभन्दा कम लाग्दैन । त्यसैले हुनसक्छ, पहिलोपटक खप्तड भ्रमण गर्नेहरू स्वर्गमा पुगेको टिप्पणी गर्छन् । खप्तडका विभिन्न स्थानले आ-आफ्नै महत्त्व बोकेको छ । जसको पौराणिकता पनि यथार्थ जस्तै झल्किन्छ ।

खप्तडको अर्को छोटो परिचय हो, २२ पाटन, २५ मैदान र ५२ वटा थुम्का (झोती) । यी दृश्यको अवलोकनसँगै हरेक मानिसले जीवनका दुःख, पीडा केही क्षणका लागि भए पनि बिर्सिन्छन् ।

### खप्तडको ऐतिहासिकता

पौराणिककालमा ऋषिमुनिहरूले तपस्या गरेको यो क्षेत्रलाई 'खेचरादी' पर्वतका रूपमा वर्णन गरिएको छ । खेचरादी पर्वतको नाम विस्तारै अपभ्रंश हुँदै खप्तड रहन गएको किम्वदन्ती छ । पौराणिकताअनुसार पाण्डवहरूले १४ वर्ष वनबास बस्दा केही समय खप्तडमा पनि बिताएका थिए । खप्तडमा भीमले हलो जोत्दा माटोबाट थुम्का (झोती) बनेको कथन छ ।

खप्तडमा रहेको केदार ढुंगा पनि पाण्डप भाइ भीमले भारतको केदारनाथबाट गादो (शरीरमा लगाएको अगाडिपट्टिको भाग)मा बोकेर ल्याएको स्थानीयहरू बताउँछन् । त्रिवेणी पाटनमा केदारढुंगा राखेपछि त्यो ठाउँमा पानीको मूल फुटेको किम्वदन्ती छ । यसरी नै खप्तडमा रहेका चर्चित स्थान सीतापाइला, छिन्तेढुंगा, जेठी बहुरानी ढुंगा, नागढुंगा, सहस्त्रलिंग, खप्तड दह, त्रिवेणी, डाँफेकोट, बलेमेला, माइकाथान, सुकी दहलगायतका चर्चित ठाउँहरूको छुट्टै पौराणिकता रहेको छ । त्योमध्ये केही स्थानमा भने स्थानीयले शिवको रूपमा पूजाआजा गर्छन् ।

### राज्यको नजरपछि प्रचार

वि.सं. २०४२ मा राष्ट्रिय निकुञ्ज स्थापना भए पनि खप्तडको प्रचार भने ७५ वर्षअघि नै भइरहेको थियो । जतिबेला खप्तड बाबा (श्री १००८ ब्रह्मविद् परमहंस योगी सच्चिदानन्द सरस्वती) तपस्या गर्न खप्तड पुग्नुभयो, त्यसपछि खप्तडको प्रचार हुँदै गयो ।

वि.सं. २००२ मा बझाङी राजा रामजंगबहादुर सिंहको अगुवाइमा खप्तडका जंगलमा खप्तड बाबासँगै स्थानीय तपस्या गर्न पुगेका थिए । पछि खप्तड बाबामात्रै तपस्यामा समाहित भए । त्यसपछि खप्तड देवभूमिका रूपमा प्रख्यात हुँदै गयो । देश-विदेशमा यसको महत्त्व र धार्मिक पर्यटनको महत्त्वबारे प्रचारप्रसार हुँदै गएपछि खप्तडको महिमा बढ्दै गएको हो ।

समुद्र सतहबाट २४-३७ सय मिटर उचाइ र २२५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको खप्तडमा २०० भन्दा बढी प्रजातिका फूल र बहुमूल्य जडीबुटीका साथै कस्तुरी, मृग, बँदेल, डाँफेजस्ता जंगली जनावर र पक्षीको सुरक्षाका लागि राष्ट्रिय निकुञ्ज स्थापना भएको पाँच वर्षपछि वि.सं. २०४७ मा नेपाली सेनाको ब्यारेक स्थापना गरियो ।

### के-के पाइन्छ खप्तडमा ?

बझाङ, बाजुरा, अछाम र डोटीको संगमस्थल खप्तड राष्ट्रिय निकुञ्जले मध्यपहाडी वातावरण, वनस्पति र वन्यजन्तुको प्रतिनिधित्व गर्दछ । यो क्षेत्रमा झुलेसल्लो, खस्रु, पाउमेल, निगाला, भोजपत्र, गुराँस, रानीसल्लो, ठिगेसल्लो, लौठसल्लालगायतका रूख-वनस्पति पाइन्छन् भने कालकुट, पाँचऔंले, नीरमसी, सतुवा, वायुजडी, हत्वाजडी, गँदाल्नो, वनप्याजजस्ता सयौं प्रकारका जडीबुटी पाइन्छन् । हरियो छेपारो, खस्रे भ्यागुता, बझाङे पाहा आदि दुर्लभ जीवदेखि भालु, बँदेल, कस्तुरी, चितुवा आदि जनावर खप्तडमा प्रशस्तै भेटिन्छन् ।

तथ्यांकमा हेर्दा खप्तडमा वन क्षेत्र १९९.७३, घाँसेमैदान १३.४७, कृषिभूमि नौ र झाडी बुटयान २.८ वर्गकिलोमिटरमा फैलिएको छ । खप्तडमा ३८२ प्रकारका रूख, वनस्पति तथा जडीबुटी पाइन्छन् । जसमा रूख ५७, बुटयान ७८, घाँसपात २०३, लहरा आठ र उन्यु १९ प्रजातिको भएको खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयको तथ्यांकमा उल्लेख छ । कार्यालयको तथ्यांकअनुसार १२ वटा गुफा भएको खप्तड क्षेत्रमा २८७ प्रजातिका पक्षी, २३ प्रजातिका स्तनधारी, १७ प्रजातिका सरिसृप र छ उभयचर प्रजातिका वन्यजन्तु पाइन्छन् ।

### संस्कृतिको संगम : गंगा दशहरा

हरेक वर्ष ज्येष्ठ शुल्कपक्ष दशमी तिथिमा पर्ने गंगा दशहरा मेलामा हजारौं तीर्थालु खप्तड पुग्ने गर्छन् । गंगा दशहराको दिन त्रिवेणीमा नुहाउँदा पाप पखालिने, पितृलाई तर्पण दिँदा पितृले मुक्ति पाउने र स्वर्ग जाने, मनको इच्छा पूरा हुने गहिरो विश्वास रहेकाले गंगा दशहरा मेला खप्तडको प्रमुख आकर्षण हो ।

मेला दुई दिनसम्म चल्ने भए पनि पछिल्लो समय विभिन्न जिल्लाले साँस्कृतिक कार्यक्रम तथा खेल प्रतियोगिता गर्ने हुँदा दशहरा हप्ता दिनसम्म पनि चल्ने गर्छ । दशहराको पहिलो दिन देउडाले मेलास्थल गुञ्जायमान हुन्छ । भोलिपल्ट त्रिवेणी नदीमा स्नान गर्नुका साथै सुदूरपश्चिमकै प्रसिद्ध हुड्के नाच, रनपुतला नाचलगायतका नाचबाट तीर्थयात्रीले रोमाञ्चित हुने अवसर पाउँछन् ।

### कसरी पुगिन्छ खप्तड ?

राजधानी काठमाडौंबाट करिब १५ घण्टाको समयमा बसबाट कैलालीको अत्तरिया पुगिन्छ । अत्तरियाबाट खप्तड जान बझाङ, बाजुरा, अछाम र डोटीबाट जाने प्रवेशद्वार बनाइएको छ । त्यसमा पनि खप्तड पुग्न सबैभन्दा नजिक रहेको सडक सञ्जाल बझाङ छान्नाको मेल्तडी हो । मेल्तडीबाट खप्तड जान अढाई घण्टा समयमात्रै लाग्छ ।

खप्तडछान्ना गाउँपालिकाका सबै वडाबाट पनि खप्तड प्रवेश गर्न धेरै समय लाग्दैन । मध्यवर्ती क्षेत्रका बासिन्दाको भने चरिचराउन गर्ने लेक नै हो खप्तड । बझाङको खप्तडछान्ना र थलाराका विभिन्न गाउँ, बाजुरा (साविकको काँडा गाविस), अछाम (साविकको खप्तड गाविस) र डोटीको सायल, झिग्राना, काँडामाडौंबाट खप्तड प्रवेश गर्न सजिलो पर्छ ।

### खर्च, समय र आवश्यक सामग्री कति ?

काठमाडौंबाट खप्तड पुग्न, घुम्न र फर्कन ठूलो खर्च लाग्दैन । काठमाडौंबाट हवाइजहाजमा धनगढी पुग्न एक घण्टामा छ-आठ हजार रूपैयाँसम्मको टिकट मूल्य लाग्छ । त्यस्तै धनगढी-बझाङ हवाई टिकट पाँच हजार रूपैयाँ तोकिएको छ । हवाई यात्रामा करिब १२ हजार रूपैयाँ खर्च हुन्छ बझाङको देवल विमानस्थल पुग्न । त्यसै दिन खप्तड पुग्न सकिन्छ । विमानस्थलबाट खप्तड पुग्नसम्म बाटोमा खाना, खाजामा बढीमा दुई हजार रूपैयाँ खर्च हुन्छ । हवाईयात्रा गर्दा काठमाडौंबाट बझाङ पुग्न १४ हजार रूपैयाँ खर्च हुन्छ ।

बसमा जाँदा राजधानीबाट दुई हजार २०० रूपैयाँमा १५ घण्टापछि कैलालीको अत्तरिया पुगिन्छ । अत्तरियाबाट खप्तड जानका लागि खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसम्म एक हजार ५०० रूपैयाँसम्म गाडी भाडा लाग्छ । बेलुका अत्तरियाबाट हिँड्दा भोलिपल्ट बिहान बझाङको तमैल बजार पुगिन्छ । तमैलबाट दिउँसो १२ बजेसम्ममा खप्तडछान्नाको मेल्तडी पुगिन्छ । मेल्तडी खाना/खाजा खाएर केहीबेर आराम गरेर हिँडेपछि दिउँसो २-३ बजे खप्तड पाटन पुगिन्छ । बुकिङ गाडीमा भने अत्तरियाबाट एकै दिनमा खप्तडछान्ना र भोलिपल्ट बिहानै खप्तडमा घामझुल्कै (बिहान घामका किरण पर्नु) पुग्ने सकिन्छ ।

डोटीबाट खप्तड जाँदा अत्तरियाबाट बुकिङ गाडीमा १० घण्टामा झिग्राना बजार पुगिन्छ । त्यहाँ खान बस्नका लागि राम्रो सुविधा भएका खप्तड होमस्टेलगायतका होटल छन् । सार्वजनिक यातायातमा जान अत्तरियाबाट झिग्रानासम्म एक हजार १०० रूपैयाँसम्म गाडीभाडा लाग्छ । हवाईजहाजमा कैलाली-दिपायल पाँच हजार रूपैयाँ लाग्छ ।

काठमाडौंबाट खप्तड गएर काठमाडौं फर्किंदा एक साताको भ्रमण अवधिमा हवाईजहाज भएर जाँदा न्यूनतम ४० हजार रूपैयाँ खर्च लाग्छ भने गाडीबाट जाँदा न्यूनतम २० हजार रूपैयाँमा खप्तड भ्रमण गर्न सकिन्छ ।

खप्तडमा खाने/बस्ने प्रबन्ध राम्रो छ । तर पनि पाल, स्लिपिङ ब्याग, ड्राइफुड, ज्याकेट, रेनकोट, ऊनीको टोपी, मोजालगायतका न्याना कपडा बोक्नुपर्ने हुन्छ । त्यस्तै बडी लोसन तथा प्राथमिक स्वास्थ्य सामग्री पनि अनिवार्य लैजानुपर्छ ।

खप्तडको मौसम पानी पर्दा सहनै नसक्ने चिसो हुन्छ । क्षण-क्षणमै मौसम परिवर्तन हुन्छ । १० मिनेटको फरकमा पानी पर्ने र घाम लाग्ने गर्छ । पानी परेपछि ती रमाइला फाँटहरू एकैछिनमा जलासयमा परिणत हुन्छन् । तर, पानी धेरैबेर रोकिँदैन । पानी पर्न छाड्नेबित्तिकै जमिन सुक्खा भइहाल्छ । यो खप्तडको विशेषता हो । *रासस*



वर्षायाममा हरियाली फाँट र हिउँदमा सेताम्य बाक्लो हिउँको अनुभूति गर्नेहरूको नजरमा खप्तड शास्त्रमा वर्णित अमरावतीभन्दा कम लाग्दैन । त्यसैले हुनसक्छ, पहिलोपटक खप्तड भ्रमण गर्नेहरू स्वर्गमा पुगेको टिप्पणी गर्छन् । खप्तडको मौसम क्षण-क्षणमै परिवर्तन हुन्छ । १० मिनेटको फरकमा पानी पर्ने र घाम लाग्ने गर्छ । पानी परेपछि ती रमाइला फाँटहरू एकैछिनमा जलासयमा परिणत हुन्छन् । तर, पानी धेरैबेर रोकिँदैन । पानी पर्न छाड्नेबित्तिकै जमिन सुक्खा भइहाल्छ । यो खप्तडको विशेषता हो ।

## मननयोग्य

### चाणक्य नीति

कौटिल्यको हृदय पनि चिताको ज्वालाजस्तै उग्र भयो । उनले एउटा 'हु'... को हुँकार गरे अनि भन्न लागे- 'हे पृथ्वी ! अब तिमी मेरी आमा हौं, आकाश ! अब मेरो शिरमा पिता बराबर तिम्रो छायाँ छ । हे प्रकृतिका मौन शक्तिहरू हो ! तिमीहरू मलाई यति शक्ति देओ कि म यो संसारमा शिर ठाडो पारेर बाँच्न सकूँ ।'

अनि कौटिल्यले आफ्ना अँजुलीमा गंगाजल लिएर शपथ (किरिया) खाँदै भने- 'हे माता गंगे ! जबतक यो हत्यारा नन्दसँग मेरा पिताको बधको प्रतिशोध लिन्न तबसम्म आगोमा पकाइएका कुनै वस्तु खान्न जबतक महानन्दका रगतले आफ्ना केश रंगाउँदिन तबतक मेरो यो टुप्पी (शिखा) खुला रहनेछ, बाँध्ने छैन (शिखा पार्दिनँ । मैले मेरा पितालाई दिएको तर्पण त्यतिबेला पूर्ण होला जब हत्यारा नन्दको रगतले पिताको चिता पखालिएला ।'

'हे यमराज ! महानन्दको नाम तिमी आफ्नो बहिखाताबाट निकालिदेऊ, उसको मृत्युको लेखा म आफ्नो बुद्धिमा लेख्छु । ... यो साधारणजस्तो अनाथ बालक महानन्दको नाश कसरी गर्ला ? जसरी रामले रावणलाई मारे, कृष्णले शक्तिशाली कंस र कौरवहरूको नाश गरेका थिए । ... हो परमात्मा ! अब कौटिल्यको जीवनको यही उद्देश्य छ । यही लगन अब मेरो जीवनको आधार हो । नन्दको नाशका लागि म शिक्षा, शस्त्र-शास्त्र, बल र धन खोजी-खोजी प्राप्त गर्नेछु । म... म... कौटिल्य । चणकपुत्र चाणक्य आफ्ना पिताको सपना यस नन्दको नाश गरेर अवश्य पूर्ण एवं साकार पार्नेछु !'

विलाप गरेर कौटिल्य अर्थात् चाणक्यले पिताका चिताको खरानी हातमा लिएर भने-'हे पिताजी । मलाई आशीर्वाद दिनोस्, म कतै कर्तव्यबोधबाट विचलित भएर अस्तित्वहीन नहोऊ । म पर्वतजस्तो अटल, सागरजस्तो अथाह गहिरो र आकाशजस्तो ' अनन्त बन्न सकूँ ।' **क्रमशः**

## पत्र–मञ्जुषा

# प्रतीक्षामा आगामी चुनावपछिको परिदृश्य

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको चहलपहल बढेको छ । चुनाव नजिकिँदै गर्दा राजनीतिक दलहरू पनि व्यस्त देखिएका छन् । उम्मेदवार कसलाई बनाउने ? टिकट कसलाई दिने ? भनेर अहिलेसम्म पनि यकिन हुन सकेको छैन । यता, टिकटका लागि नेताको घर धाउनेको भीड पनि बढेको छ । भनसुन गरेर हुन्छ कि पार्टीलाई पोसेर टिकट चाहिएकै छ । यो क्रम बढेसँगै पहिलेकै प्रवृत्ति देखिने निश्चित छ । जो पार्टीको अध्यक्ष र सभापतिको नजिक भयो उसले टिकट पाउने भइ नै हाल्यो ।

यता, पैसा खर्च गर्न सक्नेले नि सहजै टिकट पाउँछन् । तर, पार्टीमा दशौं वर्षदेखि लागेका र पार्टीका लागि मरिमेटेर काम गरेकाहरू यो पटक पनि टिकट पाउनबाट वञ्चित हुन्छन् । विगतको कुराहरू फेरि पनि केलाउने हो भने यो कुरा पुष्टि हुन्छ । सभापति वा अध्यक्षको मनले नखाएको र पैसा नभएकाहरू चुनावी मैदानमा उत्रिनबाट अझै पनि वञ्चित छ । जनताको मन परेको व्यक्ति भए पनि उसले टिकट नै नपाएपछि के फाइदा ? जनताले चिन्दै नचिनेका, पार्टीमा नलागेका व्यक्तिलाई धमाधम टिकट दिने गरिएको छ ।

व्यापारी, दलालीलगायत पेसाबाट आएको र खर्च गर्ने सामर्थ्य राख्नेहरूले मात्र टिकट पाउँछन् । नेपाली कांग्रेस र नेकपा एमालेबाट २०४८ देखि २०७४ सालसम्म एउटै व्यक्तिले टिकट पाएका छन् । उनीहरू हारे पनि जिते पनि पार्टीले टिकट दिइरहेको छ । अब आगामी चुनावमा लड्नका लागि पनि तिनैले टिकट नपाउलान् भन्न सकिन्न । कांग्रेस र एमाले सबैभन्दा पुरानो पार्टी भए पनि त्यहाँभित्र बस्नेले जनताको चाहनाबारे कहिल्यै बुझ्न सकेनन् । काम केही नगर्नेहरू पटक-पटक चुनाव जितेर आए ।

जसका कारण जनताहरू यी पार्टी र नेताहरूदेखि आजित भइसकेका छन् । निर्वाचन आयोगले एक पटक चुनाव गराउँदा जनताले तिरेको १० अर्ब रूपैयाँ कर खर्च हुन्छ । घामपानी नभनीकन बिहानदेखि लाइनमा बसेर जनताहरूले भोट हाल्छन् । जनताले भोट दिन्छन् तर जनताको हितमा केही कुरा उठाइँदैन । न जनताबाट चुनिएर आएका सांसदले मन्त्री नै पाउँछन् । तर, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई मन परेको व्यक्तिले मन्त्री पद पाउँछन् ।

सांसद नै नभएको व्यक्तिलाई पनि मन्त्री बनाइन्छ । जनताको भोटको मान कहाँसम्म रहेछ भनेर यहाँबाट स्पष्ट हुन्छ । तीन करोडसम्म खर्च गरेर टिकट लिन लागेको कुराले अहिले बजारमा चर्चा पाएको छ । टिकट लिनका लागि यत्रो खर्च गर्छन् भने निर्वाचन लड्नका लागि कत्रो खर्च गर्लान् ? आफ्नो खर्च उठाउनका लागि भोलि भ्रष्टाचार गर्छन् । व्यापारीको अगाडि लम्पसार पर्छन् । पाँच दलीय गठबन्धन गरेर चुनाव मैदानमा होमिने तयारी भइरहेको छ ।

एकलो गयो भने नराम्ररी फसिन्छ भनेर थाहा पाएरै गठबन्धनबाट अघि बढ्ने तयारी भइरहेको छ । आफू एकलै चुनावमा भिडेर १५० सिट ल्याउँछु भनेर दाबी गर्ने एमालेका अध्यक्ष केपी शर्मा ओलीसमेत काप्न थालिसकेका छन् । गठबन्धन गर्दिन भनेर ठोकुवा गर्ने ओली साना पार्टीसँग मिलेर चुनावमा जाने तयारीमा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाललगायत अन्य पार्टीसँग जोडिएर अघि बढ्ने तयारी भइरहेको छ । पार्टीले टिकट दिए पनि कांग्रेसका महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले नराम्ररी पछारिन्छन् भनेर बजारमा चर्चा चुलिएको छ ।

यता, एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, झलनाथ खनाल, मेटमणि चौधरी, रामकुमारी झाँक्री, विरोध खतिवडालगायतले टिकट पाए पनि जित्ने सम्भावना एकदमै न्यून छ । माओवादीबाट पम्फा भुसाल र जनार्दन शर्माले पनि चुनाव नजित्ने देखिएको छ । मधेसी दलका नेता उपेन्द्र यादव पनि चुनावी मैदानमा उत्रिनु मात्र हुन्छ । एमालेका अध्यक्ष केपी ओली, गोकुल बाँस्कोटा र महेश बस्नेतको पनि उही हाल छ भनेर सबैलाई थाहा भइसकेको विषय नै हो ।

त्यसैले अब आगामी चुनावपछि राजनीति कतातिर जाला भन्ने चासो यतिबेला बढेको छ । यो चासो अब चुनावपछि मात्र मेटिनेछ ।

–*सन्तोषी पाण्डे, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

# तारकेश्वरको प्राथमिकता शिक्षा र खानेपानीमा

**काठमाडौं (प्रस)–** तारकेश्वर नगरपालिकाले शिक्षा र खानेपानीलाई उच्च प्राथमिकता दिएर बजेट विनियोजन गरेको छ। नगरपालिकाले चालु आर्थिक वर्षमा 'एक घर, एक धारा' अभियानका लागि छ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ। नगरपालिकाभित्र देखिएको खानेपानी समस्या न्यूनीकरण गर्न संघ र प्रदेश सरकारसँगको समन्वयमा नगरपालिकाको लगानीमा पहिलो कार्यपालिकाको बैठकको निर्णयलाई कार्यान्वयन गर्न चालु आर्थिक वर्षमा उक्त बजेट विनियोजन गरेको हो।

नगरपालिकाभित्र खेलकुद विकासका लागि सुदर्शन स्मृति रंगशाला, पिपलडाँडा खेल मैदान र डाँडागाउँ खेल मैदानलाई चालु आवमा पाँच करोड ५० लाख रूपैयाँ रकम विनियोजन गरेको नगरप्रमुख कृष्णहरि महर्जनले जानकारी दिए। यस्तै, नगरपालिकामा बसोबास गर्ने विभिन्न जातिका भाषा, संस्कृति, कला र स्थानीय परम्परा संरक्षण, स्थानीय परम्परागत संस्कृति संरक्षण गर्न गुठी अक्षयकोषको स्थापना, वडा नं ४ मा रहेको शेषमती नदी संरक्षण गर्ने नीति नगरपालिकाले लिएको छ।

तारकेश्वरले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन चालु आवमा आठ करोड रूपैयाँभन्दा बढी रकम (ससर्त अनुदानबाहेक) विनियोजन गरेको छ। त्यस्तै ११औं नगरसभाबाट नगरपालिकाको शिक्षा ऐन २०७६ मा संशोधन गरी सामुदायिक विद्यालयका व्यवस्थापन समिति जनप्रतिनिधिकै नेतृत्वमा रहने गरी उनीहरूलाई सामुदायिक विद्यालयप्रति थप जिम्मेवार र उत्तरदायी बनाइएको छ।

## राष्ट्रपतिविरुद्ध...

पृष्ठ १ बाट जारी

अग्राधिकार दिन पनि माग गरेको प्रवक्ता पौडेलले बताए।

निवेदक देव शर्माले दायर गरेको रिटमा राष्ट्रपति कार्यालयको निर्णय काम-कारबाहीबाट नेपाली नागरिकलाई नेपालको संविधानको धारा १० देखि १५ ले प्रत्याभूत गरेको मौलिक हकमा आघात पुगेको उल्लेख गरिएको छ। प्रतिनिधिसभा र राष्ट्रिय सभाले बहुमतले पारित गरेर पठाएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण नगर्नु संविधानविपरीत हुने भन्दै उक्त विधेयक प्रमाणीकरण गर्न परमादेशसहित उपयुक्त आदेश जारी गर्न माग गरिएको छ।

पाँचवटै रिटलाई एउटै इजलासमा राखेर सुनुवाइ गरिने सर्वोच्च अदालतका प्रवक्ता पौडेलले जानकारी दिए। दायर भएको उक्त रिट आज शुक्रबारका लागि पेसी तोकिएको छ। सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेमा राष्ट्रपतिले विधेयकलाई प्रमाणीकरण गर्नुपर्नेछ। सर्वोच्चले प्रारम्भिक सुनुवाइमा उनको कदमलाई असंवैधानिक ठहर गरेमा राष्ट्रपति भण्डारीमाथि नैतिक प्रश्नसमेत उठ्नेछ।

राष्ट्रपति भण्डारीले यसअघि सन्देशसहित फिर्ता पठाएको विधेयकमा आफूले राखेको सुझावको सुनुवाइ नभएको भन्दै असन्तुष्टि जनाएकी थिइन्। संघीय संसद्का दुवै सदनबाट हुबहु पुनः पारित गरी पेस भएको विधेयक प्रमाणीकरण गर्न उनले अस्वीकार गरेकी हुन्, जुन संविधानविपरीत भएको भन्दै सर्वोच्चमा रिट परेको हो।

संविधानको धारा ११३ ले अर्थ विधेयकबाहेक अन्य विधेयकमा पुनर्विचार हुन आवश्यक ठानेमा राष्ट्रपतिले सन्देशसहित एक पटक संसद्मा फिर्ता पठाउनसक्ने अधिकार दिएको छ। यसरी राष्ट्रपतिले सन्देशसहित फिर्ता पठाएको विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नुपर्ने तर सच्याउनैपर्ने बाध्यता नहुने संविधानमा उल्लेख छ। संविधानअनुसार संसद्ले सच्याएर वा जस्ताको तस्तै पुनःपारित गरेर पठाएको विधेयक राष्ट्रपतिले फेरि फर्काउन मिल्दैन।

**राष्ट्रपतिविरुद्ध सडक आन्दोलन**

राष्ट्रपति भण्डारीको कदमविरुद्ध नागरिकताविहीन संघर्ष समितिले प्रदर्शन गरेको भोलिपल्ट बिहीबार सत्तारूढ दलनिकट विद्यार्थी संगठनहरूले प्रदर्शन गरेका छन्। संसद्को दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पुगेको नागरिकता विधेयक राष्ट्रपति भण्डारीले प्रमाणीकरण गर्न अस्वीकार गरेको भन्दै विद्यार्थीहरू आन्दोलित बनेका हुन्।

बिहीबार बिहान नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघ, नेकपा माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारी, नेकपा एकीकृत समाजवादीनिकट अनेरास्ववियु, जनता समाजवादी पार्टी नेपालनिकट समाजवादी विद्यार्थी युनियन, नेपाल समाजवादी पार्टीनिकट समाजवादी विद्यार्थी युनियनलगायतले संयुक्तरूपमा माइतीघर मण्डलमा विरोध प्रदर्शन गरेका गरे।

विरोध प्रदर्शनमा सहभागीहरूले 'नाम उसको विद्या, संविधानलाई सिध्या', 'विद्यादेवी बालकोटा जा' जस्ता नारा लगाएर विरोध गरेका थिए। विरोध कार्यक्रममा बोल्दै नेवि.सं.घका सभापति दुजाङ शेर्पाले राष्ट्रपतिबाट नेपालको संविधानमा दाग लगाउने काम भएको आरोप लगाए। उनले संविधान च्यातिँदै गर्दा कोही पनि चुप लागेर बस्न नमिल्ने बताए। नागरिकताजस्तो संवेदनशील विषयलाई नेकपा एमालेले चुनाव आएपछि राष्ट्रियताको नाममा राजनीति गर्न खोजेको आरोप लगाए।

माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारीकी अध्यक्ष पञ्चा सिंहले नागरिकता विधेयक प्रमाणीकरण नगर्नु नेकपा एमालेको अन्त्यको संकेत भएको टिप्पणी गरिन्। उनले राष्ट्रपतिलाई शीतलनिवासमा बस्ने अधिकार नरहेको भन्दै त्यहाँबाट चपली हाइट नलखेटी नेपाली विद्यार्थी आन्दोलनले विश्राम नलिने चेतावनी दिइन्। उनले नेकपा एमाले निर्वाचनविरोधी शक्ति भएको आरोपसमेत लगाइन्।

एकीकृत समाजवादीनिकट विद्यार्थी संगठनका अध्यक्ष सुदेश पराजुलीले विद्यार्थी आन्दोलनबाट आएको व्यवस्थालाई राष्ट्रपति भण्डारीले महारानी बन्ने सपना देखेको बताए। उनले बालकोटको सहयात्री बन्दै राष्ट्रपतिले संविधानलाई कुल्चिने प्रयास गरेको बताए। संयुक्त विद्यार्थी संगठनले विरोधको कार्यक्रमहरूमा आज (शुक्रबार) सडक बहस कार्यक्रम गर्ने बताएका छन्।

## १२ जनाका...

पृष्ठ १ बाट जारी

परेको थियो। घुम्ती माड्ने क्रममा ब्रेक नलागेर बस तल्लो घुम्तीको सडकमा खसेको थियो। बस करिब ५० मिटर तल खसेको प्रहरीको भनाइ छ।

**रुकुमपूर्वको दुर्घटनामा पाँचको मृत्यु**

बिहीबार नै रुकुमपूर्वको भूमे गाउँपालिका-३ को क्याङ्सीबगरमा भएको यात्रुबाहक बस दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ।

काठमाडौंबाट रुकुमकोटतर्फ गइरहेको ग १ ख ९१०९ नम्बरको बस भूमे गाउँपालिका-२ को खावाङबगर नजिकै पर्ने वडा नम्बर ३ को क्याङसीबगरमा दुर्घटना भएको थियो। बस सडकबाट करिब ५० मिटर तल खसेको प्रहरीले जनाएको छ।

उक्त दुर्घटनामा १२ जना घाइते भएको रुकुमपूर्वका सहायक प्रमुख जिल्ला अधिकारी हिरालाल आचार्यले जानकारी दिए। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको बताइएको छ। घाइते सबैको रुकुमपूर्व अस्पतालमा उपचार भइरहेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यायतात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
**सडक डिभिजन चरिकोट**
प्रकाशित मितिः- २०७९/०६/०७

**विशेष परिस्थिती खरिद सम्बन्धि सूचना**

सा.ख.ऐ. २०६३ को दफा ६६ र सा.ख.नि.२०६४ को नियम १४५ को उपनियम (१), (२) र (३) अनुसार तामाकोशी-राष्ट्रिय राजमार्ग मिल्ती सडक खण्ड ९ -NH28 को चेनेज १३+९०० देखि १४+००० को दायाँतर्फ जीर्ण अवस्थामा रहेको Retaining Wall तथा Road Pavement समेत भत्कन गई मूल सडक जोखिममा रहेकोले सडक संरक्षण कार्य गर्नको लागि रकम रु.१७,६७,६०३।६३ (मु.अ.कर सहित) को खरीद कार्य श्री चन्द्रावती निर्माण सेवा, कोटेश्वर, काठमान्डौ मार्फत गराउनको लागि सम्झौता गरिएको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

डिभिजन प्रमुख


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAFHAT COFFEE SHOP TO SERVE DRINKS,
पूर्व स्वीकृति मिति २०७९/०६/०५ | LT. No. :272362 | चलानी नं.६०१८८११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 5 | 0 | 1400 | ४८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
श्रम ईजाजत नं. २५७/०५८/०५९
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ | LT. No. 265846 | चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 11 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAWAZ SAIF MOHAMMED ABOU AMER- GULF SUMMIT INDUSTRIAL COMPANY
पूर्व स्वीकृति मिति २०७९/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ | LT. No. 265824 | चलानी नं. ६०१८१८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED FAWZAN IBRAHIM AL DEBIBI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No. 272416 | चलानी नं. ६०१८८१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 6 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ र १५ गते (30th Sep & 1st Oct. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. Licence No.: 1312/074/75
**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FONSOONION MACHINERY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No. 272020 | चलानी नं. ६०१८८१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RESTORAN SEAFOODS HAPPINESS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/०५ | LT. No. 272019 | चलानी नं. ६०१८८१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurent Workers | 5 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONE ROSE HOSPITALITY SERVICES
पूर्व स्वीकृति मिति : २०७९/०६/०६ | LT. No. 272253 | चलानी नं.६०१८८१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 2000 | ७०,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ८८,६९५ | | | | | | | |
| 3 | Gene. Supervisor | 1 | 0 | 2600 | ९२,२४५ | | | | | | | |
| 4 | General Bleach Worker | 1 | 0 | 1500 | ५३,२१५ | | | | | | | |
| 5 | General Clean Worker | 1 | 0 | 1200 | ४२,५७५ | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1200 | ४२,५७५ | | | | | | | |
| 7 | Supervisor | 1 | 0 | 2500 | ८८,६९५ | | | | | | | |

कम्पनी : HIGHLIGHTS MAINTENANCE SERVICES
पूर्व स्वीकृति मिति : २०७९/०५/२९ | LT. No. 271878 | चलानी नं.६०१८८१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1600 | ५६,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७०,९५५ | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ८८,६९५ | | | | | | | |
| 4 | General Bleach Worker | 1 | 0 | 1500 | ५३,२१५ | | | | | | | |
| 5 | General Clean Worker | 2 | 0 | 1200 | ४२,५७५ | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1200 | ४२,५७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. Lic. No. 816/065/066
**IMPERIAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEST TREADING COMPANY
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No. 272432 | चलानी नं. ६०१८८१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea Boy | 1 | 0 | 1500 | ५१,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEATTLE INTERNATIONAL SERVICES
पूर्व स्वीकृति मिति :२०७९/०६/०६ | LT No.272193 | चलानी नं. ६०१८८१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Labourer | 50 | 0 | 900 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैँले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEF EYAD RESTAURANT
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No.272328 | चलानी नं. ६०१८८१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 5 | 0 | 1000 | ३५,४८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 10 | 0 | 1000 | ३५,४८० | | | | | | | |
| 3 | Labourer | 10 | 0 | 1000 | ३५,४८० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क:** नि:शुल्क

कम्पनी : CANNED BEVERAGE FACTORY COMPANY ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No.272401 | चलानी नं. ६०१८८१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Representative | 10 | 0 | 2000 | ६८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MATHAIL INTERNATIONAL GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No.272402 | चलानी नं. ६०१८८१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 2 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HAMMOUD MOHAMMED MAYAH SUBAI AL ANZI GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No.272403 | चलानी नं. ६०१८८१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 7 | 0 | 1200 | ४१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARFAD INTERNATIONAL COMAPNY FOR INDUSTRY
पूर्व स्वीकृति मिति २०७९/०६/०६ | LT. No.272404 | चलानी नं. ६०१८८१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2200 | ७५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

प्रभाव दैनिक

रूपशाला

शुक्रबार, ७ असोज २०७९ (Friday, September 23, 2022)

## दोस्रो विवाहको तयारीमा सामन्था

दक्षिण भारतीय स्टार सामन्था रूथ प्रभु प्रायः सामाजिक सञ्जालमा चर्चाको विषय बनिरहन्छिन् । हालैमात्र उनी एक गम्भीर रोगबाट पीडित भएको खबर बाहिर आएको थियो । अहिले भने उनी दोस्रो विवाह गर्ने चासोका कारण चर्चामा छिन् । अभिनेता पति नागा चैतन्यसँग अलग्गिएपछि उनले अब जीवनलाई अगाडि बढाउन दोस्रो विवाह गर्ने निचोडमा पुगेकी छन् ।



# प्रेमगीत-३ को हिन्दी भर्सन आज नेपालमा रिलिज नहुने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा प्रेमगीत ३ को हिन्दी भर्सन शुक्रबार (७ असोज)मा प्रदर्शन नहुने भएको छ । विश्वभर एकसाथ प्रदर्शन हुन लागेको प्रेमगीत ३ को हिन्दी भर्सन नेपालमा भने शुक्रबारबाट रिलिज नहुने भएको हो ।

विभिन्न प्राविधिक कारणले प्रेमगीत ३ हिन्दी भर्सन एक/दुई दिन रिलिज गर्न नसक्ने स्थिति सृजना भएको निर्माता तथा निर्देशक सन्तोष सेनले जानकारी दिए । शुक्रबारबाट` प्रेमगीत ३ हिन्दी भर्सन रिलिज नहुनुको थप कारण पछि जानकारी गराउने बताएका उनले घटस्थापन (१० असोज)देखि प्रेमगीत ३ हिन्दी भर्सन नेपालभर प्रदर्शन हुने बताए ।

उता भारतमा भने प्रेमगीत ३ हिन्दी भर्सन शुक्रबार नै रिलिन हुनेछ । प्रदर्शन हुनुअघि नै भारतीय सिनेमाघर हाउस फुल हुने देखिएको छ । अग्रिम टिकट बुकिङले भारतीय सिनेमा घर पनि हाउस फुल हुने देखिएको निर्देशक सेनले जानकारी दिए ।

चलचित्रको प्रचारप्रसारमा निर्माण टिम भारतको मुम्बईमा रहेको छ । बिहीबार प्रिमियर शो गर्ने तयारी भइरहेका बेला शुक्रबारदेखिका शोका लागि उत्साहका साथ टिकट बुकिङ भइरहेको निर्देशक सेनले बताए ।

केही दिनका लागि शो हाउस फुल हुने गरी टिकट बुकिङ भइसकेको र बुकिङमा भारतीय दर्शकको उत्साह देखिएको उनले बताए ।

भारतमा फिल्मलाई जी-म्युजिक, यूएफओ र मधु इन्टटेनमेन्टले प्रदर्शन गर्न लागेको हो । प्रदीप खड्का, क्रिस्टिना गुरुङको मुख्य भूमिका रहेको प्रेम गीत ३ मा सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, अनुभव रेग्मी, योगिशा खत्री, जीवन भट्टराई, लक्ष्मी बर्देवालगायत कलाकारको अभिनय छ ।

## लाइगर फ्लप भएपछि फिल्मविहीन बनिन् अनन्या

**मुम्बई (एजेन्सी)–** फिल्म उद्योगमा सफलताले ठूलो महत्व राख्छ । भनिन्छ, उदाउँदो सूर्यलाई जेकोहीले सलाम गर्छ, जबकी अस्ताउँदो सूर्यलाई मानिसले त्यति चासो दिँदैनन् । बलिउड अभिनेत्री अनन्या पाण्डे अहिले यसकै उदाहरण बनेकी छन् । अनन्याले तेलुगु सुपरस्टार विजय देवरकोण्डाको पेन इण्डिया फिल्म 'लाइगर' का साथ धमाकेदार सुरुवात गरेकी थिइन् ।

यो फिल्मसँगै अनन्याले साउथ सिनेमामा पाइला चालेकी थिइन् । फिल्मप्रति सबैको आशा थियो । यसको टिजर र ट्रेलरसँगै गीतलाई पनि दर्शकले मनपराएका थिए । तर जसै फिल्म थिएटर पुग्यो, फिल्मले दर्शकलाई खासै प्रभावित पारेन । जसकारण फिल्म बक्सअफिसमा पूर्ण रूपमा असफल रह्यो ।

यो फिल्मको रिलिजअघि अनन्याको टलिउड डेब्यूमा जोकोहीको नजर थियो । उनलाई 'लाइगर' अघि धेरै फिल्मबाट अफर आएको थियो । उनलाई 'एनटीआर ३०' को पनि अफर थियो । तर उनले त्यसमा स्वीकृति जनाइनन् । फिल्म 'लाइगर' हिट हुने र त्यसपछि मोटो पारिश्रमिक लिएर अर्को फिल्ममा अभिनय गर्ने अनन्याको योजना थियो । उनी फिल्म हिट हुनासाथ चार करोड पारिश्रमिक माग्ने सोचाईमा थिइन् । तर उनले सोचेजस्तो वास्तविकतामा भएन ।

फिल्म पूर्ण रूपमा बक्सअफिसमा असफल रह्यो । फिल्म फ्लप भएपछि अभिनेत्रीले पारिश्रमिकमा कुनै परिवर्तन गरेकी छैनन् । उनी नयाँ फिल्मका लागि २ करोड पारिश्रमिक लिने योजनामा छिन् । तर उनलाई अहिलेसम्म कुनै साउथ फिल्मबाट अफर आएको छैन ।

फिल्म निर्माताहरू अनन्याको अभिनयबाट खासै प्रभावित हुन सकेका छैनन् । यहीकारण उनलाई कसैले पनि फिल्मको अफर गरेका छैनन् । उनलाई यसअघि अफर गरिएका फिल्मका निर्माताले उनको विकल्पमा अन्य अभिनेत्रीलाई खोज्न थालिसकेका छन् ।

# स्विमसुटमा नेक्स्ट सुपर मोडलका प्रतिस्पर्धी



■ प्रभाव संवाददाता

**काठमाडौं–** सौन्दर्य प्रतियोगिता 'नेक्स्ट सुपर मोडल नेपाल २०२२' को अन्तिम प्रतिष्पर्धीहरूले 'स्विमसुट राउण्ड' अन्तर्गत बिकिनी र स्विमसुटमा प्रतिभा प्रस्तुत गरेका छन् ।

ट्यालेन्ट पिक इन्कर्पोरेटेडको आयोजनामा हुन लागेको प्रतियोगिताका लागि २८ जना फाइनलिस्ट मोडलले फिगर, क्याटवाक र मनमोहक अदा प्रस्तुत गरे ।

आगामी असोज ८ गते शनिबार हुने फिनालेमा ममिता थापा, अर्बिन नेपाल, आरती सराफ, सन्दीप साह, मनिला राना, शैलेश मगर, सुनेना तामाङ, सन्जय पुरी, पारु भट्टराई, अनिश तामाङ, सचिता चौधरी, अग्नीश्री विश्वकर्मा, सुस्मिता राई, विनोद दवाडी, गीता क्षेत्री, सन्जु केसी, मनिषा बिडारी प्रतिष्पर्धी छन् ।

त्यस्तै समीर आचार्य, राबिया नगरकोटी, प्रवलकृष्ण शिंखडा, साक्षी बास्तोला, आयुष न्यौपाने, संगम बस्नेत, वसन्त पाण्डे, नम्रता शाही ठकुरी, श्याम गुरुङ, सन्तोषराज पन्त र आयुष मिश्रा छन् ।

आयोजकले नेपाली युवायुवतीहरूलाई आफ्नो आत्मविश्वास, जीवन्तता देखाउने मञ्च प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको जानकारी दिएका छन् ।



# मैत्रीपूर्ण खेलका लागि टिम घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलका लागि दुई नयाँ अनुहारसहित अखिल नेपाल फुटबल संघ (एन्फा) ले किरण चेम्जोङको कप्तानीमा २३ सदस्यीय राष्ट्रिय पुरुष फुटबल टिमको घोषणा गरेको छ ।

नेपाली टिममा परेका नयाँ खेलाडी दुवै स्ट्राइकर हुन् । टिममा थ्री स्टार क्लबका ऋतिक खड्का र चर्च ब्वाइज युनाइटेडका आशिष चौधरीले स्थान बनाएका छन् ।

यस्तै, टिममा कार्यबाहक प्रशिक्षक प्रदीप हुमागाईंले चार गोलकिपरलाई स्थान दिएका छन् । नेपालले असोज ११ गते दशरथ रंगशालामा बंगलादेशविरुद्ध एक मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ ।

नेपाली टिममा रेजिन सुब्बाले गरिब डेढ वर्षपछि कमब्याक गरे । यस्तै, पूर्व प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले विवादका कारण बाहिर राखेका खेलाडीले कमब्याक गरेका छन् ।

**गोलकिपर**: किरण चेम्जोङ, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु

**रक्षक**: रोहित चन्द, अनन्त तामाङ, विकाश तामाङ, दीनेश राजवंशी, विकाश खवास, सुमन अर्याल, रञ्जित धिमाल

**मिडफिल्डर**: सुदीप गुरुङ, तेज तामाङ, सेसेहाङ आङदेम्बे, विशाल राई, सुजल श्रेष्ठ, सुरजजिउ ठकुरी, एरिक विष्ट,

**फरवार्ड**: विमल घर्तीमगर, अञ्जन विष्ट, ऋतिक खड्का, मनिष डांगी, आशिष चौधरी

# सुदूरलाई कुस्तीमा बढी आशा

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** कञ्चनपुरको महेन्द्रनगरमा बिहीबार नवौं राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिमस्तरीय प्रदेश छनोट कुस्ती प्रतियोगिता सकियो । पछिल्लो समय कुस्ती खेलमा राष्ट्रिय तथा दक्षिण एशियाली खेलकुद प्रतियोगिता(साग)मा समेत पदकमय बनेको सुदूरपश्चिमले यसपटक नवौंका लागि महिलातर्फ भने अनुभवी खेलाडी छनोटमा परेका छन् ।

तेह्रौं सागका नेपालका लागि कुस्तीको इतिहासमा पहिलो पटक स्वर्ण दिलाउने महिला खेलाडी सङ्गीता धामीदेखि कुस्तीमै बढी ध्यान केन्द्रित गरेका महिला खेलाडी सुदूरपश्चिमबाट छनोट भएका छन् । आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा महिलातर्फ मात्रै ६ स्वर्ण जितेको सुदूरपश्चिममा कञ्चनपुरको महेन्द्रनगरमा मात्रै कुस्तीको प्रशिक्षण हुन्छ । बिहीबार सम्पन्न २० स्वर्णका लागि भएको प्रदेशस्तरीय छनोटमा कञ्चनपुरले पुरुष र महिलातर्फ गरी १५ स्वर्ण जितेको कुस्ती प्रशिक्षक राजेन्द्र चन्दले जानकारी दिए ।

कञ्चनपुरले १५ स्वर्ण, दुई रजत र एक काष्य जित्दा दार्चुलाले चार स्वर्ण र दुई काष्य जितेको छ । कैलालीले एक स्वर्ण र तीन रजत जितेको प्रशिक्षक चन्दले बताए । 'खेलाडीले विभिन्न क्षेत्रबाट प्रदेशमा प्रतिनिधित्व गर्दै आए पनि सबै कञ्चनपुरकै उत्पादन हुन्', उनले भने, 'नवौंमा स्वर्ण आशा गरिएकामध्येको कुस्ती खेल पनि हो ।'

उनले नवौंमा यहाँबाट सहभागी महिला खेलाडीबाट पदकको बढी आशा र सम्भावना रहेको बताए । 'विगतको रेकर्ड, अनुभव र सङ्घर्ष हेर्ने हो भने महिलाले बढी पदक ल्याउनेमा आशावादी छौं', उनले भने, 'यसपटक राष्ट्रियमा सहभागी हुने धेरै नयाँ अनुहार पनि छन् ।'

सुदूरपश्चिमबाट नवौं राष्ट्रियका लागि दमन्ती बोहरा, मनिषा सिंह, संगीता धामी, भावना जाग्री, कोमल खत्री र कलावती भट्ट छनोट भएका छन् । त्यसैगरी आठौंमा स्वर्णपदक विजेता विमला सुनार पनि प्रदेशबाट छनोट भएकी छन् ।

यहाँबाट कृष्टि बम, हेमा भट्ट र माया भट्ट छनोट भएको प्रशिक्षक चन्दले बताए । महिलातर्फ संगीता धामी, मनिषा सिंह, कोमल खत्री र विमला जाग्री राष्ट्रियस्तरमै परिचित खेलाडी हुन् ।

त्यसैगरी पुरुषतर्फ सुनिल चुनारा, भुवन चन्द, सङ्गीत चन्द, निरज भण्डारी, पवनसिंह धामी छनोट भएका छन् । त्यसैगरी विकास चन्द, कृष्णसिंह धामी, रोशन चन्द र विनोद रैकाल छनोट भएको चन्दको भनाइ छ । प्रदेशस्तरबाट यहाँ खेलाडी छनोट भए पनि बन्द प्रशिक्षणमा राख्ने विषय भने टुङ्गो लागिसकेको छैन ।

# नेपालगञ्ज म्याराथनलाई अन्तर्राष्ट्रिय मान्यता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालगन्ज म्याराथनले अन्तर्राष्ट्रिय मान्यता पाएको छ । विश्व एथ्लेटिक्सको सर्वोच्च निकाय वर्ल्ड एथ्लेटिक्स अन्तर्गत एसोसियसन अफ इन्टरनेसनल म्याराथन एण्ड रोड रेश(एम्स)ले नेपालगन्ज म्याराथनलाई मान्यता दिएको हो । 'बिहीबार राति मात्र एम्सको पत्र र प्रमाणपत्र प्राप्त भयो,' नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष टीएस ठकुरीले भने, 'चार वटा विधाको अलगअलग प्रमाणपत्र पाएका छौं ।'

एम्सले पठाएको चार वटा प्रमाणपत्रमा म्याराथन ४२.१९५ किलोमिटर, हाफ म्याराथन २१.०९७ किलोमिटर, १० किलोमिटर र ५ किलोमिटर दौडको रुट प्रमाणीकरण भएको हो । एम्सका कोर्ष म्यानेजर आमिर सान्डिवानले भदौ १२ गते सुर्खेतरोड स्थित रुट मापन गरेर रिपोर्ट बुझाएका थिए । वर्ल्ड एथ्लेटिक्सका इन्टर नेसनल मेजरमेन्ट एडमिनिस्ट्रेटर डेभ कुन्डीको हस्ताक्षरित प्रमाणपत्र प्राप्त भएको हो ।

नेपालगन्ज उपमहानगरपालिकादेखि सुरु भइ जानकी गाउँपालिकाको केही भुभाग हुँदै कोहलपुर नगरपालिकाको कार्यालय देखि करिब चार किलोमिटर उत्तरतर्फ बानियाभार पुगेर पुनः सोही रुट हुँदै बीपी चोकमा पुगेर सम्पन्न हुनेगर्दछ । आठौं धारा नेपालगन्ज म्याराथन यही मंसिर २४ गते शनिवार हुँदैछ । नेपाल सरकार र विद्रोही माओवादीबीच बृहत शान्ति सम्झौता भएको दिन मंसिर ५ गतेलाई स्मरण गर्दै हरेक मंसिर पहिलो शनिवार हुँदै आएको म्याराथन यसबर्ष आम निर्वाचनका कारण यसपटक मंसिर २४ गते हुने भएको हो ।

क्रियटिभ ह्याण्ड्सको आयोजना तथा क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापन रहेको म्याराथनका लागि २०७९ असार १५ गते देखि खेलाडी दर्ता खुला गरिएको छ । नेपालगन्ज म्याराथनको वेभसाइटमा गएर फर्म दर्ता गर्न सकिने र दर्ता शुल्क भुक्तानी गर्न सकिने आयोजकले जनाएको छ । गत बर्ष झैं यस बर्ष पनि बिभिन्न दश वटा विधामा स्पर्धा समावेश गरिएको छ ।

पुरुषतर्फ म्याराथन(४२.१९५किमी), महिलातर्फ हाफ म्याराथन(२१किमी), १० किमी पुरुष खुल्ला, ५ किमी महिला खुल्ला, ५ किमी स्कुलस्तरीय छात्र, ३ किमी स्कुल स्तरीय छात्रा, किड्स रन(८देखि १२ बर्ष उमेरसमुह), २ किमी कर्पोरेट रन, एक किमी ट्राइसाइकल र वाकाथन समावेश गरिएको छ । स्कुलस्तरीय दौड भने बाँके जिल्ला स्तरीय मात्र हुनेछ ।

केही विधातर्फ नगद पुरस्कार राशीमा वृद्धि गरिनेछ । केही सरप्राइज प्याकेज पनि घोषणा गरिनेछ । आठौं संस्करणमा कम्तीमा आठ देशका धावकलाई सहभागी गराउने तयारी भइरहेको छ ।

# रुसको बढ्दो कदम निन्दनीय : जी–७

**संयुक्त राष्ट्रसंघ–** जी-७ का विदेशमन्त्रीहरूले युक्रेनमा युद्धका लागि आंशिक सेना परिचालन गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको कदमपछि रुसविरुद्ध थप प्रतिबन्ध लगाउने बताएका छन् ।

सात समूहका मन्त्रीले रुसको यस बढ्दो कदमको निन्दा गरेको छ । यस सेनाको आंशिक परिचालन र गैरजिम्मेवारपूर्ण आणविक हतियार समावेश रहेको विदेशमन्त्रीद्वारा जारी विज्ञप्तिमा बुधबार जनाइएको छ । जी-७ ले अझ थप लक्षित प्रतिबन्ध पछ्याउने र रुसमाथि निरन्तर आर्थिक र राजनीतिक दबाब दिन प्रतिबद्ध रहेको संयुक्त राष्ट्रसंघ महासभाको बैठकपछि बताएका छन् । 'हामी अध्ययन गर्नेछौं, हामी नयाँ प्रतिबन्धात्मक उपाय अपनाउनेछौं, व्यक्तिगत र क्षेत्रगत दुवै,' बैठकमा भाग लिने इयू विदेश नीति प्रमुख जोसेप बोरेलले आफ्ना युरोपेली सहकर्मीसँगको बैठकपछि बुधबार पत्रकारलाई भनेका छन् ।

क्यानडा, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायतका जी-७ मन्त्री, साथै युरोपेली संघका शीर्ष कूटनीतिज्ञले पनि कब्जा गरिएको डोनबासमा 'सार्वभौम युक्रेनी भूमिमा झुटो जनमत संग्रह' गर्ने योजनाको निन्दा गरेका छन् ।

रुसी सेनाको उपस्थितिमा मतदान स्वतन्त्र वा निष्पक्ष हुन नसक्ने पनि उनीहरूले थप जानकारी दिएका छन् ।

उनीहरूले रुसलाई हालैका हप्तामा आक्रमणको निशाना बनेको जापोरिझिया आणविक ऊर्जा केन्द्रको युक्रेनलाई नियन्त्रण फिर्ता दिन पनि आह्वान गरेका छन् । *रासस/एएफपी*

# रुसलाई कारबाही गर्न युक्रेनी राष्ट्रपतिको माग

**न्युयोर्क–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेनेस्कीले रुसलाई कारबाही गर्न माग गरेका छन् । संयुक्त राष्ट्रसंघको महासभामा बोल्ने क्रममा उनले रुसले युद्ध अपराध गरेकाले रुसलाई कारबाही गर्नुपर्ने माग राखेका हुन् ।

रुसले युक्रेनमा आक्रमण गरेकाले हजारौं मानिसको मृत्यु भएको र लाखौं विस्थापित भएको उनले जानकारी दिए । 'रुसले युक्रेन र युक्रेनी जनताविरुद्ध निरन्तर अपराध गरिरहेको छ, आक्रमण गरिरहेको छ, त्यसैले रुसलाई कारबाही हुनुपर्दछ,' उनले भने ।

यस क्षेत्रको शान्ति सुरक्षाका लागि पनि रुसलाई कारबाही गरेर आफ्नो ठाउँमा बस्न लगाउनुपर्ने उनको भनाइ छ । रुसलाई कारबाही गरेमा रुसले आक्रमण गरेका कारणले मृत्यु भएका हजारौं मानिसको आत्माले शान्ति पाउने उनले तर्क गरे ।

रुसले आफ्नो देशमा आंशिकरूपमा सेना परिचालन गरेको घोषणा गरेकै बेला युक्रेनका राष्ट्रपतिले विश्व नेतालाई सम्बोधन गर्दै रुसलाई कारबाही गर्न माग गरेका हुन् । रुसले युक्रेनमा गत फेब्रुअरीदेखि आक्रमण गरिरहेकाले रुसले देशभित्रको सुरक्षाकर्मीको संख्यामा पनि वृद्धि गरेको छ ।

अमेरिकाको न्युयोर्कमा सुरु भएको महासभामा विभिन्न देशका शीर्ष नेताले बोल्ने क्रम चलिरहेको छ । महासभा यही सेप्टेम्बर २७ सम्म चल्ने भएको छ । *रासस/एएनआई*

# बाढी प्रभावित क्षेत्रमा डेंगुको प्रकोप बढ्दो

**इस्लामावाद–** पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेंगुको प्रकोप बढेको छ । अधिकारीले यहाँका बाढी प्रभावित क्षेत्रमा डेंगुको प्रकोप बढ्दै गएको जानकारी दिएका हुन् ।

पाकिस्तानका विशेषगरी पछिल्लो समयमा यस वर्षको मनसुनबाट क्षति भएका क्षेत्रमा डेंगुको ज्वरोले धेरै मानिस बिरामी परेका बताइएको हो ।

यहाँको सबैभन्दा धेरै बाढी प्रभावित प्रान्त सिन्धमा नै डेंगुले पनि सताएको बताइएको छ । यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीमा गएको २४ घण्टायता मात्र यहाँका ३२३ जनालाई डेंगु लागेको छ ।

यसपछिको प्रभावित क्षेत्र कराँची पनि हो । कराँचीमा मात्र यहाँ गएको २४ घण्टामा २६० जनामा यसको संक्रमण देखिएको छ । कराँची पनि यस वर्षको मनसुनी वर्षाबाट बढी प्रभावित क्षेत्र हो । सेप्टेम्बर महिनामा मात्र सिन्धमा करिब चार हजार जनामा डेंगुको संक्रमण भएको थियो । यहाँ अहिलेसमम छ हजारजनाभन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् । *रासस/सिन्ह्वा*

# सुडानमा बाढीबाट १४६ को मृत्यु

**खार्तोम–** सुडानमा हालै आएको बाढी र पहिरोबाट ज्यान जानेको संख्या १४६ पुगेको छ । यहाँको नेसनल काउन्सिल फर सिभिल डिफेन्सले अरु केही व्यक्ति हराइरहेका समाचारमा जानकारी दिएको हो । यही सेप्टेम्बर महिनाको २१ तारिख अर्थात् बुधबारसम्ममा बाढी पहिरोबाट ज्यान जाने नागरिकको संख्या १४६ पुगेको जानकारी बुधबार जानकारी दिएको छ । हालै यहाँ आएको बाढीले पाँच हजारभन्दा बढी घर बगाएको छ भने अरु सात हजार घरमा क्षति पुगेको छ । यहाँको उत्तरी क्षेत्रका २५० भन्दा बढी गाउँमा बाढीले क्षति पुर्‍याएको बताइएको छ । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH HAMOUD ABDULLAH AL-MAQSOURA GENERAL CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०७९/०६/०६ LT. No. 272439 चलानी नं. ६०१८८१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६१,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .** श्रम ईजाजत नं. ११९५/०७३/७४

Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI

Tel: +01-4796201

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UMR SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 269953 चलानी नं. ६०१८५७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing and cleaning Workers | 100 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.** श्रम ईजाजत नं ९५७/०६७/०६८

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CED SYSTEM SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/०६ LT No.272438 चलानी नं.६०१८८१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ISV TECHNOLOGY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/०६ LT No.272437 चलानी नं.६०१८८१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kingfisher Overseas Pvt.Ltd** श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GROUP FORCE SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०३/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 267250 चलानी नं. ६०१८३१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.** श्रम ईजाजत नं. ५५०/०६२/०६३

रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४, ९८२६२७५७७०

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POLAR TRADING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७८/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 261605 चलानी नं. ६०१७८०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARKAN OVERSEAS COMPANY LLC

पूर्व स्वीकृति मिति २०७९/०६/०६ LT. No. 272399 चलानी नं. ६०१८८१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 1 | 0 | 1900 | ६५,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD** Govt.Lic.No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIM PASITOUR SRL

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 266305 चलानी नं. ६०१८२५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/housemaid | 10 | 5 | 550 | ७१,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 30 | 0 | 600 | ७७,५०५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८३,९६५ | | | | | | | |
| 4 | Cook Helper | 10 | 5 | 550 | ७१,०४५ | | | | | | | |
| 5 | General Worker | 30 | 5 | 550 | ७१,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ देखि २८ गते (30th Sep to 14th Oct. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ७०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Asar International Pvt.Ltd.** Govt. License 1373/074/75

Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHIDR COMPANY LTD

पूर्व स्वीकृति मिति २०७९/०३/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 267273 चलानी नं. ६०१८३४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Labour | 8 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AN NAJAH INTEGRATED GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०६ LT. No. 269321 चलानी नं. ६०१८५३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Power Distribution Technician | 4 | 0 | 2200 | ७५,७५० | | | | | | | |
| 3 | Excavator Operator | 5 | 0 | 2200 | ७५,७५० | | | | | | | |
| 4 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ८५,८७५ | | | | | | | |
| 5 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६१,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १४ गते (30th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.** Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९१,८०० | प्रति तोला – ९१,३०० | प्रति तोला – ११८५ |

नाडा इभी एक्स्पो

## ‘ब्याजदरमा भएको वृद्धिले उत्पादनमूलक उद्योगलाई प्रभाव पर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री जनार्दन शर्माले बैंक तथा वित्तीय संस्थामा पैसा राखेर ब्याज लिने संस्कारका कारण देशभित्र उत्पादनमूलक उद्योग स्थापनामा समस्या देखिएको बताएका छन् ।

बिहीबारदेखि शुरु भएको नाडा इभी अटो प्रदर्शनीको उद्घाटन कार्यक्रममा मन्त्री शर्माले पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले वृद्धि गरेको ब्याजदरका कारण उत्पादनमूलक उद्योगको विकास र विस्तारमा समस्या देखा परेको बताए ।

उनले भने, ‘जुन देशमा बैंकमा पैसा राखेर १४ प्रतिशत वा १५ प्रतिशत आम्दानी लिन पाइन्छ, त्यो देशमा उत्पादन सम्भव होला ? पक्कै पनि हुँदैन । यहाँ समस्या छ । यो समस्या हल गर्नुपर्छ ।’ उनले बिना लगानी सहजै रूपमा ब्याज आउँछ भने किन उत्पादनमा लगाउने ? भन्ने प्रवृत्तिको विकास हुन जाने भएकाले त्यसको निराकरणका लागि मन्त्रालयले पहल गरिरहेको उल्लेख गरे ।,

उनले पछिल्ला दिनमा देखिएको यस्ता समस्याको निरूपणका लागि गम्भीर किसिमको निष्कर्ष निकालिने र  केही न केही हल आवश्यक रहेको स्पष्ट पारे । उनले उत्पादन क्षेत्रका लागि विशेष प्राथमिकता दिनुपर्ने र सबैले जिम्मेवारी लिने हो भने यस्ता समस्याहरू हल हुने विश्वास व्यक्त गरे ।

उनले अर्थतन्त्र बलियो बनाउनका सबै तह र तप्काका बीचमा साझा सहकार्यको जरुरी रहेको र निर्यात बढाउँदै आयात प्रतिस्थापन गर्ने सन्दर्भ नै उत्तम विकल्प भएको धारणा राखे ।

उनले भने, ‘हामी सबै लागौं । निजी क्षेत्रलाई काम गर्न थप सहज पार्ने हो । जुनसुकै अवस्थामा पनि हामी नेपाली आफैँ आफ्नो उत्पादनमा बाँच्न सक्ने हुनुपर्छ ।’

उनले विद्युतीय सवारी साधन सँगसँगै हाइड्रोजनबाट चल्ने सवारी साधनका बारेमा पनि सोच्नुपर्नेमा जोड दिए । उक्त अवसरले मन्त्री शर्माले अबको समय भनेको ग्रिन हाइड्रोजनको भएकाले हामीले पनि  त्यतातिर जानुपर्ने बताए ।

अर्थमन्त्री शर्माले जुनसुकै चुनौती आए पनि हामी आफैँ बाच्न सक्छौं र  थेग्न सक्छौं भन्ने स्तरमा मुलुकलाई पुर्‍याउनुपर्नेमा जोड दिए । उनले हाल बढी भएको बिजुली निर्यात भइरहेको सन्दर्भ जोड्दै त्यसलाई उत्पादनमा लगाउनुपर्ने उल्लेख गर्नुभयो । उनले भने, ‘हामीले विद्युत् निर्यात गर्ने नभएर विद्युत्बाट उत्पादित वस्तुहरूको निर्यात गर्ने हो । अब विद्युत्बाट उत्पादित हाइड्रोजनको निर्यात गर्ने हो ।’

### विद्युतीय सवारीसाधनको प्रदर्शन सुरु



**काठमाडौं (प्रस)–** बिहीबारदेखि काठमाडौंको भृकुटीमण्डपमा विद्युतीय सवारीसाधनको प्रदर्शनी सुरु भएको छ । प्रदर्शनीको अर्थमन्त्री जनार्दन शर्माले उद्घाटन गरेका छन् । त्यसका लागि अहिले पनि स्टल बनाउने काम धमाधम भइरहेको छ ।

नाडा अटोमोबाइल एशोसिएसनले आयोजना गरेको चार दिनसम्म चल्ने यो प्रदर्शनीमा ९ वटा ब्रान्डका विद्युतीय कार र १६ वटा ब्रान्डका विद्युतीय स्कुटर तथा बाइकले सहभागिता जनाएका छन् ।

यस्तै धेरै जसो कम्पनीहरूले नयाँ स्कुटर तथा बाइकहरू मात्र सार्वजनिक गर्ने योजना बनाएका छन् । स्टल निर्माण तथा बुकिङको लागि कम्पनीहरूले २० लाखदेखि ३० लाख रूपैयाँसम्म खर्च गरेका छन् ।

टाटाको गाडी बिक्री गर्ने सिप्रदी ट्रेडिङले नेक्सन इभी, नेक्सन इभी डार्क र टिगोर इभीलाई पनि प्रदर्शनीमा राखेको छ । कम्पनीले नेक्सन इभीमा बिक्रीमा आकर्षक योजना ल्याएको छ ।

हुन्डाई गाडी बिक्री गर्ने लक्ष्मी इन्टरकन्टिनेन्टलले आयोनिक-५ र कोना प्रदर्शनीमा राखेको छ ।

एक्स्पोमा टेस्लाले पनि आफ्नो गाडी राखेको छ । टेस्लाको आधिकारिक बिक्रेता कम्पनीले टेस्लाको वाई मोडलको दुईवटा गाडी प्रदर्शनीमा राखेको छ। एनइभी नेपाल प्रालिले ज्याक इभी एक्स्पोमा राख्नेछ । यो चिनियाँ ब्रान्डको विद्युतीय जीप हो । त्यस्तै श्री इको भिजनरीले दुई वटा मोडल सिटी स्प्रिट र लङमा प्रदर्शनीमा राखेको छ । यस्तै सिजी मोटर्सले नेटा भी प्रदर्शनीमा राखेको छ ।

#### दुई पांग्रेमा नयाँ मोडल देखिने

लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी इमोबिलिटीले हिरो इलेक्ट्रिक स्कुटर एक्स्पोमा राखिएको छ । कम्पनीका अनुसार हिरो इलेक्टिक स्कुटर बुकिङ गर्नेहरूका लागि अफर समेत ल्याउने जनाएको छ ।

एक्स्पोमा १० हजार रूपैयाँ तिरेर हिरोका इलेक्ट्रिक स्कुटर बुकिङ गर्न सकिने कम्पनीले जनाएको छ । यो अवधिमा हिरोको हरेक स्कुटर बुकिङ गर्दा २५ हजार बराबरको गिफ्ट ह्याम्परका साथै बम्पर लक्की ड्रमार्फत जर्मन ब्राण्ड बोस्चको बासिङ मेसिन जित्न सक्ने कम्पनीले जनाएको छ ।

सेगवेको नयाँ इ-११० मोडलको बाइक एक्स्पोमा सार्वजनिक हुने भएको छ । डिललाइफ स्टाइलले बिक्री गर्दै आएको सुपर शोको ब्रान्डको नयाँ विद्युतीय बाइक एक्स्पोमा सार्वजनिक गर्ने तयारी गरेको छ । यो एक पटकको फुल चार्जमा २०० किलोमिटर दुरी पार गर्न सक्ने नयाँ बाइक हो ।

यस्तै योमा एमए ई मोटर्सले पनि नयाँ विद्युतीय स्कुटर सार्वजनिक गर्ने भएको छ । यो कम्पनीले टेल्जी ब्रान्डको स्कुटरहरू नेपालमा बिक्री गर्दै आइरहेको छ ।

यसैगरी नेपालमा हाल बिक्री भइरहेका पुराना मोडलका स्कुटर तथा बाइकहरू एक्स्पोमा हुनेछन् । जसमा लेभनेङ, एनआईयु, याडिया, जीहो, डुहान, जोए, आइमा, प्युर र लेक्टो ब्रान्डका स्कुटर तथा बाइकहरू एक्स्पोमा रहनेछन् ।

## १५० मेगावाटको बेगनास–रूपा जलविद्युत्को विवरण सार्वजनिक

■ प्रभाव संवाददाता

**कास्की–** नेपाल विद्युत् प्रधिकरण, इञ्जिनियरिङ सेवा निर्देशनालय आयोजना विकास विभागले पोखराको लेखनाथस्थित बेगनास-रूपा पम्प जलासययुक्त जलविद्युत् आयोजना सञ्चालन गर्नका लागि हालसम्म गरिएको वातावरण तथा सामाजिक अध्ययन प्रगति विवरण सार्वजनिक गरेको छ ।

विभागले वातावरण तथा सामाजिक क्षेत्रमा हालसम्म भएका अध्ययन प्रगतिका बारेमा बुधबार पोखरामा सरोकारवालासँग अन्तर्क्रियात्मक कार्यक्रम गरी सार्वजनिक गरेको हो । नेपालमै पहिलो प्रयोगमा बेगनास-रूपा पम्प जलासययुक्त जलविद्युत् आयोजना सञ्चालन गर्नका लागि प्राधिकरणको २० अर्ब रुपैयाँ खर्च लाग्ने प्राधिकरणका उपनिर्देशक रामजी भण्डारीले जानकारी दिए ।

उक्त जलासययुक्त आयोजनाबाट एक सय ५० मेगावाट जलविद्युत् उत्पादन हुने जानकारी सो अवसरमा दिइएको थियो । वि.सं. २०७४ मा सरकारबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी प्राधिकरणले जलविद्युत् सञ्चालन गर्न वातावरणीय तथा सामाजिक अध्ययन कार्य अगाडि बढाएको थियो । बेगनास तालमा भइरहेको पानीको सतहलाई एक मिटर बढाइ सङ्कलित गरिएको पानीलाई एक किलोमिटर सुरुङ मार्गमार्फत रूपातालको छेउमा विद्युत्गृह निर्माण गरी गृहबाट निस्केको पानी रूपातालमा लगेर खसाल्ने र पुनः रूपातालको पानी पम्पमार्फत बेगनासमा नै ल्याइने योजनाका साथ प्राधिकरण निर्माणमा अगाडि बढेको छ ।

उक्त आयोजनाबाट ‘पिकआवर’ अर्थात् साँझको समयमा दैनिक चार घण्टा विद्युत् निकाल्न सकिन्छ, यसले पिकआवरमा हुने विद्युत् अभावलाई केही मात्रामा सहयोग पुर्‍याउने जानकारी प्राधिकरणका प्राविधिक प्रकाश गौडेलले जानकारी दिए । बेगनास तालभन्दा रूपातालमा रहेको पानीको सतह ६८ मिटर गहिराइमा भएकाले रूपातालमा विद्युत्गृह सञ्चालन गर्न सजिलो भएको छ ।

दैनिक अधिकतम साँझ ५ बजेदेखि ९ बजेसम्म विद्युत् उत्पादन गर्न सकिने र यस समयमा बेगनासको पानीको सतह एक मिटरले कम हुने छ राति १२ देखि भोलिपल्ट बिहान ४ बजेसम्म रूपातालमा जम्मा भएको पानी पुनः बेगनासतालमा पम्पमार्फत तानिने छ । बेगनासभन्दा रूपाताल सानो भएकाले बेगनासको पानीको सतहभन्दा एक मिटरमाथिको पानी रूपामा अहिले भइरहेको पानीको सतहभन्दा तीन मिटर उचाइमा पुग्ने छ ।

अन्तर्क्रिया कार्यक्रममा सहभागी अधिकांश सरोकारवाला निकायका व्यक्तिले वातावरणीय तथा सामाजिक प्रभाव नहुने गरी जलविद्युत् आयोजना सञ्चालनमा ल्याउन आग्रह गरेका थिए । स्थानीय सरकोकारवाला समेत रहेका पूर्व स्वास्थ्य तथा गृहमन्त्री खगराज अधिकारीले जलचरमा पर्ने असरलाई कम गर्दै तालबाट हुने सिँचाइ, डुङ्गा व्यवसायी तथा स्थानीयवासीलाई असर नपुग्ने गरी आयोजना सञ्चालन गर्नुपर्नेमा जोड दिए । प्राधिकरणले आफ्नो स्वार्थभन्दा पनि स्थानीयवासीको स्वार्थलाई मध्यनजर गर्दै आयोजना अगाडि बढाउनुपर्ने र प्राधिकरणले ठाउँठाउँमा पानीको फोहरा राखेर बेगनासमा पर्यटकलाई एक रात बिताउने गरी संरचना पनि खडा गरिदिनुपर्नेमा उनले जोड दिए ।

स्थानीयवासी तथा रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले विद्युत् आयोजनाका नाउँमा बस्ती नै डुब्ने सिञ्चाइ नै बन्द हुने किसिमबाट आयोजना सञ्चालन हुन नुहने बताए । स्थानीय सरोकारबाला तथा बेगनास सिञ्चाइ सरोकार समितिका पूर्व अध्यक्ष पुष्पराज भण्डारीले बेगनास तालको पानीले आठ सय ८० हेक्टर जमिन सिँचाइ भएको र विद्युत् आयोजना सञ्चालन हुँदा स्थानीय उपभोक्ता सिँचाइबाट बञ्चित हुन नहुने बताए ।

## नेप्सेमा लगातार गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक नौ दशमलव ८३ अङ्कले ओरालो लागेर एक हजार आठ सय ३८ दशमलव ९६ मा सीमित भएको छ । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४५ अङ्कले ओरालो लागेर तीन सय ५९ दशमलव ४३ मा सीमित भएको छ । कूल दुई सय २ ९ कम्पनीको २५ लाख ४२ हजार आठ सय ९९ कित्ता शेयर रु ६५ करोड ५७ लाख पाँच हजार एक सय ६९ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट देखिएको छ । बिहीबारको कारोबारपछि बजार पूँजीकरण रु २६ खर्ब ४२ अर्ब २७ करोड ६० लाख ७२ हजार नौ सय ६६ बराबर रहेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा बिहीबार नबिल बैंक शीर्षस्थानमा छ । सो बैंकको रु दुई करोड ५८ लाख ६८ हजार सात सय ६१ बराबरको कारोबार भयो । बोटलर्स नेपाल तराई रु दुई करोड ४१ लाख ४९ हजार छ सय ४४, अपिपावर कम्पनी रु एक करोड ६१ लाख ४३ हजार तीन सय १८, रिडी हाइड्रोपावर रु एक करोड ५७ लाख ९६ हजार तीन सय ९८ र अरुण काबेली पावर रु एक करोड ५३ लाख २५ हजार एक सय ३२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

बिहीबारको कारोबारमा सामालिङ पावर नौ दशमलव ९८, लक्ष्मी इक्विटी फण्ड चार दशमलव ४२, लक्ष्मी उन्नति कोष तीन दशमलव ९०, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम दोस्रो तीन दशमलव ८८ र अप्पर हेवाखोला हाइड्रोपावरका लगानीकर्ताले दुई दशमलव ८७ प्रतिशतले कमाएका छन् ।

यस्तै, प्रभु बैंकको ऋणपत्र नौ दशमलव ९३, गरिमा विकास बैंकको ऋणपत्र नौ दशमलव ९०, सेञ्चुरी बैंकको ऋणपत्र पाँच दशमलव ८६, विन्दबासिनी हाइड्रोपावर पाँच दशमलव २६ र श्वेत गंगा हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ९६ प्रतिशतले गुमाएका छन् ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्सप्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ